# वीरगंजमहानगरपालिकाकार्यालय

## सूचना माँगं अनुसारको सूचना उपलब्ध गराइएको विवरण

## मिति २०८१/०१/०१ देखी २०८१/०३/३१ सम्म

| सि.नं. | विवरण लिने संस्थाको नाम वा व्यक्तिको नाम | कुन कुन सूचना माँगं गरेको | सूचना माँग भएको मिति | सूचना उपलब्ध गराएको मिति |
|---|---|---|---|---|
| १. | जटाशंकर गिरी (मन्टु गिरी)<br>अध्यक्ष<br>राईजिङ्ग नेपाल | **श्री सरसफाई शाखा**<br>निजी साझेदार अवधारणा अर्न्तगत सरसफाई ठेक्का पटा बाँकी रहेको समय अवधि र नयाँ आह्वान हुने लगायतका सम्पूर्ण जानकारी पाउँ भनि निवेदन पेश भएको । | २०८१।०१।०९ | २०८१।०१।२०<br>तयार रहेको |
| २. | इश्वरा तिवारी<br>हल्दिवारी गा.पा. -३, झापा | **श्री स्वास्थ्य शाखा**<br>निवेदकले माँग गरेका विवरण निम्न बमोजिम उल्लेख गरेको छ ।<br>● वीरगंज महानगरपालिका भित्र हातीपाईले रोगका स्वास्थ्य प्रमुख र संयोज को हनुहुन्छ उहाँ लगायत स्वास्थ्य शाखाका सम्पूर्ण कर्मचारीको विवरण परिचय खुल्ने गरि (नाम, थर, ठेगाना, स्थान, मोवाईल नम्बर र ईमेलको) प्रमाणित प्रतिलिपि ।<br>● हातीपाईले रोग कसरी सर्छ र यसको नियन्त्रण निवारणका कार्यक्रमहरु यस वीरगंज महानगरपालिकामा कुन मितिमा कुन वर्ग समुदाय भित्रका नागरिकको उपस्थितिमा कुन कुन स्थानमा के कस्ता कार्यक्रम गरिएको थियो स्थान सहित सम्पूर्ण विवरण प्रमाणित प्रतिलिपि ।<br>● यो औसधि कुनै रोगिले खान मिल्छ वा मिल्दैन ? मिल्दैन भने किन मिल्दैन एक रोगी आफैमा रोग सग लड्ने क्षमता कम भएको हुन्छ उसलाई जुन सुकै रोगले छिटो आक्रमण गर्छ भनिन्छ त्यस्तो हो भने के हातीपाईले चै आक्रमण गर्दैन ? लिखित जवाफ ।<br>● विश्व स्वास्थ संगठनले विश्वका विभिन्न देशहरुमा हातिपाईलेको मात्र वर्गीकरण गरिरहदा त्यस बेला नेपालमा अत्यन्तै हातीपाईलेको रोगको अध्ययन गर्दा जोखिम भनिनु र यस बाट बच्ने उपाय निवारणका जनचेतनाका कार्यक्रम गर्नु साटो सोझै पछि देखिने रोगको परिणाम यो हो भनेर बिश्वको जरीबुटिको धनी राष्ट्रले हातिपाईले रोग नलाग्ने औसधि भन्दै खुवाईनुको पछाडिको कारण के हुन सक्छ को लिखित जवाफ । | २०८१।०१।२० | २०८१।०२।३१<br>(ईमेल मार्फत) |
| ३. | बिरबहादुर प्र. यादव<br>वीरगंज-१९, पर्सा<br>मो.नं. ९८११८२०७९० | **श्री शहरी पूर्वाधार विकास महाशाखा**<br>शहरी विकाश अन्तर्गत निर्माण भई रहेको जिल्ला पर्सा वी.म.न.पा.वडा नं.१९ मा ॐ श्री हनुमान बृद्धाश्रममा मेरो मोही हकको जग्गा परेकोले म निवेदक सरोकारवाला व्यक्ति भएको हुँदा उपरोक्त निर्माण हुन लागेको ॐ श्री हनुमान बृद्धाश्रम संग सम्बन्धित कागजातको नक्कल सहित सो वारेमा जानकारी पाउन यो निवेदन दिन आएको छु । ॐ श्री हनुमान बृद्धाश्रम संग सम्वन्धित कागजातको नक्कल सहित सो वारे जानकारी पाउँ भनि निवेदन पेश भएको । | २०८१।०१।३० | २०८१।०२।०२ |
| ४. | रबिन्द्र कुमार गौतम<br>मकवानपुर, हेटौडा-५<br>मो.नं. ९८५११६९०३७ | **श्री सूचना प्रकाशन तथा प्रशारण शाखा**<br>**श्री कृषि शाखा**<br>**श्री आर्थिक प्रशासन महाशाखा**<br>**श्री खरिद व्यवस्थापन तथा जिन्सी शाखा**<br>**श्री वातावरण तथा विपद शाखा**<br>**श्री राजश्व व्यवस्थापन महाशाखा**<br>**श्री सामान्य प्रशासन महाशाखा**<br>निवेदकले माँग गरेका विवरण निम्न बमोजिम उल्लेख गरेको छ ।<br>● वीरगंज महानगरपालिका कार्यालयको सूचना अधिकारीको नाम पद, सम्पर्क नम्बर एवं सुचना अधिकारी नियुक्ति गरेको निर्णय र सुचना अधिकारीको सम्पर्क नम्बरसहित नागरिकले देख्ने गरी राखेको सुचना अधिकारीको विवरणको फोटोसहितको विवरण।<br>● आर्थिक वर्ष २०७९ श्रावण १ गते देखि मिति २०८० फागुन मसान्तसम्म ठेक्का सम्झौता कहाँ कहाँ, कुन कुन निर्माण योजना र कुन कम्पनी संग सम्झौता गरिएको हो सो समेत खुलाई सुचना उपलब्ध गराई पाउँ ।<br>● पालिका भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिको नाम विवरण सहित सामुदायिक बनको यकिन विवरण ।<br>● पालिका अन्तरगत के कति सरकारी सवारी साधन रहेका छन, ति साधनहरुमा मासिक इन्धन खर्च के कति हुन्छ । सवारी साधन नम्बर र प्रयोग कर्ताको नाम पद विवरण उपलब्ध गराई पाउँ ।<br>● आर्थिक वर्ष २०७८/०७९ को श्रावण देखि २०८० फागुन मसान्त सम्म इन्धन खर्च के कति भएको हो र त्यस पालिकाबाट पालिकाका जनप्रतिनिधि, कर्मचारीलाइ मासिक रुपमा के कति इन्धन उपलब्ध गराएको हो सो समेत खुलाई प्रमाणित गुरी सुचना उपलब्ध गराई पाउँ ।<br>● आर्थिक वर्ष २०७८/०७९ देखि २०८० साल फागुन, महिना सम्ममा तहाँ पालिकाका जनप्रतिनिधि, कर्मचारी को-को, कुन-कुन मितिमा, कुन-कुन शिर्षकका भ्रमण, बिदा, | २०८१।०२।०६ | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यक्रमका लागि गए र कसलाई कुन शिर्षकमा कति रकम, सहयोग, भत्ता उपलब्ध गराएको हो, निर्णयसहितको यकिन विवरण उपलब्ध गराई पाउँ ।<br>• पालिका भित्र रहेका भूमिहीन सुकुम्बासीहरु कति जनालाइ जग्गा धनि पुर्जा वितरण भएको हो सो को यकिन विवरण उपलब्ध गराई पाउँ ।<br>• तहाँ पालिकाको आ.व २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को बजेटबाट बिनियोजन हुने गरी कृषि क्षेत्रमा कुन कुन फर्म वा व्यक्तिलाइ के कति अनुदान प्रदान गरिएको हो नाम, रकम, अनुदान क्षेत्र सम्झौता र प्रगति विवरण समेतको विवरण शिर्षक सहित उपलब्ध गराई पाउँ ।<br>• तहाँ पालिकाले आर्थिक वर्ष २०७८/२०७९ देखि २०८०/०८१ को फागुन महिनासम्ममा सुचना प्रकाशन तथा प्रशारणमा संचार माध्यमका लागि के कति बजेट खर्च गरेको हो। कुन कुन शिर्षकमा के कति, कुन कुन संचार माध्यममा खर्च भएको हो, सो को यकिन विवरण सहित प्रकासित प्रसारित सुचनाको छाया प्रति र सुचना प्रकाशन पुर्व गरिएको सम्झौता सहितको कार्यदिश उपलब्ध गराई पाउँ।<br>• पालिका भित्र रहेका क्रसर उद्योगहरुको नाम संचालकको नाम र पालिकाबाट क्रसर उद्योग तथा वालुवा प्रसोधनको लागि दिएको अनुमति पत्रको छाया प्रति उपलब्ध गराई पाउँ ।<br>• तहाँ पालिकाबाट २०७५ थावन १ गते देखि मिति २०८० फागुन मसान्त सम्म सुचना प्रकासन तथा प्रशारण शिर्षकमा के कति खर्च भएको हो सो को यकिन विवरण उपलब्ध गराई पाउँ ।<br>• तहाँ पालिकाको आर्थिक वर्ष २०७८/२०७९ र २०७९/०८० का लागि खोला उत्खननको लागि खोलिएको बोलपत्र आव्हानको पत्र साथै प्रक्रियाका कागजातको विवरण र ठेक्का परेका कन्ट्रयाक्टरको आसय पत्र र कार्यदेशको छाया प्रति उपलब्ध गराई पाउँ ।<br>• तहाँ पालिकामा आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०८०/०८१ को फागुन महिनासम्म के कस्ता खालका सार्वजनिक सुनुवाईका कार्यक्रम भयो, कुन-कुन सस्था या मिडिया कम्पनि वा फर्ममार्फत कार्यक्रम गरियो, कति बजेटमा कार्यक्रम गरिएको हो, कुन-कुन स्थान/वडामा कार्यक्रम भएको हो, लगातार एकै सस्था, कम्पनि या फर्ममार्फत कार्यक्रम गरिएको हो या हरेक वर्ष छुट्टाछुट्टै फर्ममार्फत कार्यक्रम गरिएको हो, सोको यकिन विवरण उपलब्ध गराई पाउँ । साथै उक्त कार्यक्रम गर्ने निर्णय, निर्माण कर्ताको प्रस्तावना र छुट्ट्याइएको बजेटसहित आयदिशको छायाप्रती उपलब्ध गराई पाउँ ।<br>• तहाँ कार्यालयले २०७५ श्रावण १ गतेदेखि २०८० फागुन मसान्तसम्म पालिका वा अन्तर्गतका वडा वा कार्यालयको प्रचारप्रसारका डकुमेन्ट्री निर्माण र प्रसारण के कति गरेको छ, कुन-कुन मिडिया कम्पनि, सस्था या फर्ममार्फत त्यस्ता सामग्री उत्पादन गरिएको हो सोको खर्च के-कति भएको हो, ति सबैको शिर्षकसहितको यकिन विवरण र सामग्री निर्माण पुर्व गरिएका निर्णय, निर्माणका लागि पेश गरिएको प्रस्तावना, सम्झौता, कार्यादेश र उत्पादित/प्रसारित सामग्रीको छायाप्रती उपलब्ध गराई पाउ भनि निवेदन पेश भएको । | | |
| ५. | **कैलाश माझी**<br>**सप्तकोशी न.पा.,**<br>**सप्तरी**<br>**मो.नं. ९८१९९३४१२६** | **श्री शैक्षिक प्रशासन महाशाखा**<br>**श्री सामान्य प्रशासन महाशाखा**<br>निवेदकले माँग गरेका विवरण निम्न बमोजिम उल्लेख गरेको छ ।<br>• यस पालिका भित्रका वडाका सूचना अधिकारिको नाम सम्पर्क नम्बर इमेल र वडाका कार्यालय प्रमुखको नाम सम्पर्क नम्बर इमेल ।<br>• यस पालिका भित्र रहेका वडा हरुको इमेल ठेगाना र सम्पर्क ठेगाना अनि सम्पर्क नम्बर ।<br>• यस पालिका भित्रका संस्थागत, सामुदायिक र धार्मिक बिद्यालय का सूचना अधिकारिको नाम सम्पर्क नम्बर इमेल ।<br>• यस पालिका भित्रका संस्थागत, सामुदायिक, र धार्मिक बिद्यालयका प्र.अ. को नाम सम्पर्क नम्बर इमेल<br>• यस पालिका भित्र रहेका संस्थागत, सामुदायिक र धार्मिक विद्यालयको इमेल, ठेगाना र सम्पर्क नम्बर<br>• स्वतः प्रकाशन यस कार्यालयले गर्छ कि गर्दैन<br>• यस कार्यालयका सूचना अधिकारि सूचनाको हक सम्बन्धि नियम २०६५ को रो नियम २४ क बमोजिम भएको प्रमाण ।<br>• सूचनाको हक सम्बन्धि ऐन २०६४ को दुफा ४ को उपदफा २ (घ) यस कार्यालयले मान्न पर्छ वा पर्दैन नपर्ने भए भए नपर्नुको कारण पर्छ भने सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ४ को उपदफा २ (घ) अनुसार आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको ब्यबस्था के कसरि गरेको छ सो को बिस्तृत विवरण ।<br>• शुरु देखि हाल सम्म यस कार्यालयमा कति सूचना माग भयो ? कति सूचना माग | २०८१।०२।०६ | |

| | | | | |
|---|---|---|---|---|
| | | कर्ताले सूचना अधिकारी मार्फत नै पाए ? कति सूचना कार्यालय प्रमुख मार्फत ग्यो ? कति सूचना नदिएर सूचना आयोगमा पुनराबेदन भयो र कति सूचना आयोग को आदेश पश्चात सूचना मागकर्ताले पाए सो को बिस्तृत विवरण ।<br>• सूचना अधिकारीको काम, कर्तब्य, र जिम्मेवारी सम्बन्धि निर्देशिका २०७३ को दफा २५ बमोजिम यस पालिकाले सूचना माग र प्रबाह को अभिलेख के कसरि गरेको छ ? गरेको छ कि छैन? गरेको भए प्रमाण र नगरेको भए नगर्नुको कारण<br>• सूचना अधिकारीको काम, कर्तब्य, र जिम्मेवारी सम्बन्धि निर्देशिका २०७३ को दफा २१ यस कार्यालयले मान्न लागु गर्न पर्छ कि पर्दैन नपर्ने भए नपर्नुको कारण पर्ने भए के कसरि उक्त दफा लागु भएको छ सो को प्रमाण | | |
| ६. | **अलि असगर अंसारी**<br>**वीरगंज, पर्सा**<br>**मो.नं. ९८५१२६८९५५** | **श्री राजश्व व्यवस्थापन महाशाखा**<br>निवेदकले माँग गरेका विवरण निम्न बमोजिम उल्लेख गरेको छ।<br>• महानगरपालिको नाममा रहेको बीरगन्ज नगरसभा गृह कति वर्षका लागि कुन कम्पनी वा व्यक्तिलाइ कतिमा भाँडामा दिइएको छ<br>• सुरुमा कुन मितिमा को सम्झौता गरेर दिइयो, पुनः ०७३ साल पछाडि कुन कम्पनीसंग फेरि सम्झौतामा कति वर्षका लागि दिइयो<br>• दोस्रो पटक दिंदा खेरी प्राविधिक समितिलले के मूल्यांकन गरेको थियो, कसलाई कति वर्ष दिन सुझाव दिएको थियो त्यो सुझावपत्रसहित त्यसपछि महानगरले गरेको सम्झौता पत्रको प्रमाणित प्रतिलिपि । | **२०८१।०२।०६** | **२०८१।०३।२४**<br>**तयार रहेको** |
| ७. | **शारदा भुसाल (झा)**<br>**चन्द्रागिरी न.पा.-१३**<br>**मो.नं. ९८६०४०१७१९** | **श्री सूचना शाखा**<br>निवेदकले आर्थिक वर्ष ०८०/८१ मा यस पालिकाको कार्यालयले स्थानीय/सेवाग्राही एवम् सेवा प्रदायक निकायका सूचना अधिकारीलाई सूचनाको हक सम्बन्धि कार्यक्रम (जस्तोः तालिम, पशिक्षण, गोष्ठी, सेमिनार, अभिमुखिकरण र अन्तक्रिया) लगायतका शिर्षकको लागि विनियोजन गरेको बजेट विवरणको माग गरि निवेदन पेश गरेको | **२०८१।०२।१३** | **२०८१।०२।१७**<br>**ईमेल मार्फत** |
| ८. | **भुवन कुमार झा**<br>**वीरगंज-१५, पर्सा**<br>**मो.नं. ९८४५०३९९८६** | **श्री शहरी पूर्वाधार विकास महाशाखा**<br>निवेदकले माँग गरेका विवरण निम्न बमोजिम उल्लेख गरेको छ।<br>• बिरगंज महानगरपालिका वडा नं. १५ स्थित जगरम साह तेलीको घर देखि सहीद राय भोटको घर हुँदै रबिंदर ठाकुरको घर सम्मको गुठिको जग्गामा हालसालै निर्माण गरिएको ढलाई सड़कको काम कुन निर्णय बमोजिम, क-कसको सहमतीमा, के-कती चौड़ाईको र कती लागतमा सम्पन्न भएको हो? सोको मिसिलको अवलोकन गर्न<br>• पाऊँ।<br>• आ.व. २०७९/०८० को वडा नं. १५ को बार्षिक प्रगति प्रतिवेदनको प्रतिलिपि ।<br>• वडा नं. १५ को आ.व. २०८०/०८१ को प्रथम तिन वटा त्रैमासिक प्रगति प्रतिवेदनको प्रतिलिपि । | **२०८१।०२।३१** | **२०८१।०३।३०**<br>**तयार रहेको** |
| ९. | **सुनिल श्रेष्ठ**<br>**अध्यक्ष**<br>**उपभोक्ता हित संरक्षण मञ्च** | **श्री सडक तथा यातायात व्यवस्थापन शाखा**<br>निवेदकले वीरगंज महानगरपालिकाबाट मिति २०८१/०३/०४ गते यातायात व्यवस्था सेवा कार्यालय वीरगंज पर्साको नाममा कम्तिमा ३ वर्षका लागि तीन पाँग्रे सवारी साधनहरु दर्ता प्रकृया रोक्नका लागी पालिकाले मिति २०८१/०२/०४ गतेको श्री महानगर प्रमुख स्तरीय निर्णयबाट पत्र पठाइएकोमा महानगर प्रमुख स्तरीय निर्णयको प्रमाणित प्रतिलिपि तथा यातायात सेवा कार्यलय वीरगंज, पर्सा लाई पठाइएको पत्रको प्रमाणित प्रतिलिपि समेत अध्ययन प्रयोजनको लागि उपलब्ध गराउन निवेदन पेश हुन आएको । | **२०८१।०३।१३** | **२०८१।०३।३०**<br>**तयार रहेको** |
| १०. | **विशाल कुमार कलवार**<br>**वीरगंज-३, पर्सा**<br>**मो.नं. ९८१६२२७७८०** | **श्री राजश्व व्यवस्थापन महाशाखा**<br>निवेदकले यस वीरगंज महानगरपालिका अन्तर्गत वडा नं. १६ मा पर्ने नयाँ बस पार्कको ठेक्का कुन व्यक्ती वा फर्मलाई दिइएको छ, कहिले सम्मको लाग दिइएको छ र कति रकममा दिएको छ सो को सम्पूर्ण कागजात सहित उक्त ठेक्काकालमा बस पार्क भित्रको सम्पूर्ण सम्पतिको मर्मत संभारको कुरा संलग्न छ वा छैन तथा बस पार्क भित्र सवारी साधनको पार्किङ्ग दस्तुर के कति तोकेको छ सोको जानकारी पाउँ भनि निवेदन पेश गरेको भएको छ। | **२०८१।०३।२८** | |